# भेरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खलंगा, जाजरकोट
## कर्णाली प्रदेश, नेपाल

**आ.व.२०७८।०७९ को लागि आन्तरीक आय तर्फको बोलपत्र आह्वानको सूचना**

**दोस्रो पटक प्रकाशित मिति: २०७८।०७।०८**

**स्थानीय सरकार संचालन ऐन २०७४,को दफा ११ को उपदफा २ को खण्ड घ को उपखण्ड ६** व्यवस्था भए बमोजिम यस नगरपालिकाको क्षेत्र भित्र पर्ने प्राराम्भिक वातावरणीय परिक्षण प्रतिवेदन अनुसार **ढुंगा, गिट्टी, बालुवा, रोडा तथा नदीजन्य पदार्थको उत्खनन, बिक्री तथा निकासी शुल्क संकलन (खानी क्षेत्र बाहेक)** कार्यको ठेक्का वन्दोबस्तबाट गर्नुपर्ने भएको हुँदा देहाय बमोजिमका खोला/नदीहरुको स्विकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी **भेरी नगरपालिकाको आर्थिक ऐन २०७८ को दफा ४.९ मा उल्लेखित** प्रति ईकाइ दररेटमा बिक्री गर्ने गरी बढावढको माध्यमबाट दरभाउ बोलपत्र आव्हान गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति/फर्म वा कम्पनीहरुले फर्म नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व.२०७६।०७७ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी तथा उक्त कार्य गर्न योग्य भएको सो घोषणा पत्र सहित तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही उक्त बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बोलपत्र फाराम दस्तुर प्रत्येक नाकाको लागि रु.१०००।**

| क्र स | संकल/उत्खनन् गरिने क्षेत्र | वडा नं. | अधिकतम उत्खनन तथा बिक्री परिमाण (घ.मि) | न्यूतम ठेक्का अंक रु. (मू.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | क्षेत्र १ (रिम्ना नाका) | वडा नं.१ | २४४०।६३ | २६८४६९(दुई लाख अर्सठ्ठि हजार चार सय उनसत्तरी रुपैया मात्र) | |
| २ | क्षेत्र २ (पिपे नाका) | वडा नं.१ | २६८१।२५ | २९४९३७ (दुई लाख चौरानव्वे हजार नौ सय सैतिस रुपैया मात्र) | |
| ३ | क्षेत्र ३ (होलु खोला) | वडा नं.१ | ३९३७५ | ४३३१२५ (चार लाख तेत्तिस हजार एक सय पच्चिस रुपैया मात्र) | |
| ४ | क्षेत्र ४ (कालेगाउ नाका) | वडा नं.१ | २१२५५ | २३३८०५०(तेइस लाख अर्तिस हजार पचास रुपैया मात्र) | |
| ५ | क्षेत्र ७ (बारेला खोला) | वडा नं.१२ | ४७५ | ५२२७२ (वाउन्न हजार दुई सय बहत्तर) | |
| ६ | क्षेत्र ८ (खार खोला) | वडा नं.१२ | १७१५ | १८८६५० (एक लाख अठासी हजार छ सय पचास रुपैया मात्र) | |
| ७ | क्षेत्र ९ (राक्से नाका) | वडा नं.१३ | १३३२ | १४६५२० (एक लाख छयालीस हजार पाच सय वीस रुपैया मात्र) | |
| ८ | क्षेत्र १० (भालु खोला) | वडा नं.१३ | १४४८।७५ | १५९३६३ (एक लाख उनन्साठी हजार तीन सय त्रिसठ्ठी रुपैया मात्र) | |
| ९ | क्षेत्र ११ (इम्लिचौर नाका/बडावालुवा) | वडा नं.१३ | १२८७१४ | १४१५८५१ (चौध लाख पन्ध्र हजार आठ सय एकाउन्न रुपैया मात्र) | |
| १० | क्षेत्र १२ (खिड खोला) | वडा नं.१० | १०२३७५ | ११२६१२५ (एघार लाख छब्बीस हजार एक सय पच्चीस रुपैया मात्र) | |
| ११ | क्षेत्र १३ (बुंग्रेखोला) | वडा नं.१० र ११ | १०७६।२५ | ११८३८७(एक लाख अठार हजार तीन सय सतासी रुपैया मात्र) | |
| १२ | क्षेत्र १४ (खोदो खोला नाका) | वडा नं. ८ र ९ | ६१८७५ | ६८०६२५ (छ लाख असी हजार छ सय पच्चीस रुपैया मात्र) | |
| १३ | क्षेत्र १५ (सिम्ले खोला नाका) | वडा नं. १० | १८३७ | २०२१२५ (दुई लाख दुई हजार एक सय पच्चीस रुपैया मात्र) | |

**शर्तहरु :**

निमित्त प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# भेरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खलंगा, जाजरकोट
## कर्णाली प्रदेश, नेपाल

१। उल्लेखित ठेक्काको उत्खनन कार्य आ.व.२०७८।०७९को जेष्ठ मसान्त सम्मको लागि हुनेछ।

२। खुला बोलपत्र खरिद गर्ने अन्तिम मिति २०७८।०७।२२ सम्म कार्यालय समय भित्र।

३। खुला बोलपत्र दर्ता मिति र स्थान २०७८।०७।२३ दिनको १२:०० बजे सम्म कर्यालयमा दर्ता गराउनुपर्नेछ।

४। खुला बोलपत्र खोल्ने मिति २०७८।०७।२३ दिनको २:०० बजे बोलपत्रदाता वा निजहरुले अख्तियारनामा दिई पठाएका प्रतिनिधिको रोहवरमा खोलिनेछ। तर खुला बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनी बोलपत्र खोल्नमा बाधा पर्नेछै

५। खुला बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलीपल्ट कार्यालय खोल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ। यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविककै मिति देखी गणना गरिनेछ।

६। खुला बोलपत्र साथ जमानत धरौटी (विडवन्ड) वापत आफुले कबोल गरेको अंकको ३ (तीन) प्रतिशत दरले हुन आउने धरौटी रकम कम्तिमा ९० दिन समय म्याद भएको ,नेपाल वैक लिमिटेडमा भेरी नगरपालिका कार्यालयको नाममा जारी भएको धरौटी खाता नं ०७५०३०००००३००००००००३ बमोजिमको वैंकमा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैंक बाट यस कार्यालयको नाममा जारी गरिएको बोलपत्रको मान्य अवधि भन्दा कम्तिमा ३० दिन बढी म्याद भएको सक्कल विडवण्ड बुझाउनुपर्नेछ।

७। खुला बोलपत्रमा चयत्त भर्दा कावोल रकम अंक र अक्षरमा स्पस्ट उल्लेख भएको गर्नुपर्नेछ।यदि अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

८। खरिद गरेको खुला बोलपत्र फारामहरुमा उल्लेख भएका सवै विवरणहरु भरी बोलपत्रदाताको प्रत्येक पानामा सही छाप गरी सिलबन्दी लाहाछाप लगाई, खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण,ठेक्का नं.,प्रोप्राईटरको नाम, ठेगाना, फोन नं.,मोवाईल नं.समेत स्पष्ट खुलाई फर्मको छाप लगाई पेश गर्नुपर्नेछ।

९। एक फर्मको नाम बाट खरिद गरिएको राष्ट्रियस्तरको खुला बोलपत्र अर्को फर्मको नाममा प्रयोग गर्न पाइने छैन

१०। कार्यालयको छाप लागेको र अधिकार प्राप्त व्यक्तिको सही भएको सक्कलै राष्ट्रियस्तरको खुला बोलपत्र वाहेक अन्य राष्ट्रियस्तरको खुला बोलपत्र लाई मान्यता दिईने छैन।

११। खुला बोलपत्रमा कुनै त्रुटि हुन गएमा त्रुटि सुधार तथा संशोधन गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ। कुनै वा सवै राष्ट्रियस्तरको खुला बोलपत्र,पुरै वा आंशिक रुपमा स्विकार गर्ने वा अस्विकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१२। खुला बोलपत्र दाताले राष्ट्रियस्तरको खुला बोलपत्रामा मूल्य अभिवृद्धि कर वाहेकको दररेट उल्लेख गर्नुपर्नेछ।

१३। खुला बोलपत्र दर्ता गर्ने फर्महरुले कामको स्तर र कामको विवरण र बोलपत्र फारमका ठेक्काका शर्तहरु सम्बन्धमा राम्रो सँग पढी बुझी खुला बोलपत्र भरेको मानिनेछ।

१४। खुला बोलपत्र कर्ताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको,प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाभिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात बोलपत्र फाराम साथ पेश गर्नुपर्नेछ।

१५। म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्त राखी पेश गरेको राष्ट्रियस्तरको खुला बोलपत्र उपर कुनै कारवाही हुनेछैन।

१६। राष्ट्रियस्तरको खुला बोलपत्र सम्पूर्ण कुराहरु यसमा लेखिए बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ को पहिलो संशोधन सहित सार्वजनिक खरिद नियमावली २०७३ तथा नेपालको संघिय र कर्णाली प्रदेश सरकारका अन्य ऐन नियम कार्यविधि बमोजिम हुनेछ।

१७। खुला बोलपत्र स्विकृत भएमा सो को सूचना पाएको वा कार्यालयमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोश्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंक बाट इजाजत प्राप्त (फरफरमेन्स वण्ड जारी गर्न सक्ने बैंकहरु) बाट यस कार्यालयको नाममा २०७८ साउन मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। साथै ठेक्का कवोल गर्ने व्यक्ति वा फर्मले आफुले कवोल गरेको अंक सेवा,शुल्क वापत जम्मा हुन आउने रकमको नियमानुसार थप १३%भ्याट समेत यस कार्यालयमा बुझाउनुपर्नेछ।

१८। तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोवस्तो गरिनेछ।

१९। नगर क्षेत्रमा माल स्टक गरी विक्रि वितरण गर्नु पर्ने भएमा २०७८ चैत्र मसान्तभित्र सो माल स्टक गर्ने जग्गाको जग्गाधनी पूर्जाको फोटोकपी, जग्गाको नक्सा, जग्गाधनीसंग गरेको सम्झौताको फोटोकपी, जग्गाको चारै तर्फ देखिने गरि लिएको फोटोहरु पेश गरी स्वीकृतीको

निमित्त प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

भेरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खलंगा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

लागि माग गर्नु पर्नेछ । आवश्यकता र उपयुक्तताको आधारमा मात्र नगरपालिका कार्यालयबाट स्टक गर्ने स्थानको स्वीकृती प्राप्त गरे पछिमात्र माल स्टक गर्न पाइनेछ । स्टक माल प्रमाणितको लागि २०७९ जेष्ठ १५ भित्र परिमाण खुलाई निवेदन गर्नु पर्नेछ । २०७९ जेष्ठ मसान्त पछि विक्रि वा ओसारपसार गर्न पाईनेछैन । स्टक प्रमाणित नगरेको वा प्रमाणित भन्दा बढि परिमाणमा रहेको माल नगरपालिकाले जफत गरी कानून अनुसार कारवाही गर्नेछ ।

२०। गत विगत वर्षमा यस नगरपालिकालाई ठेक्का रकम तिर्न बाँकी बक्यौता रहेको फर्म वा कम्पनीले यो सुचना बमोजिमको ठेक्का प्रकृयामा भाग लिन पाउने छैन ।

२१। ठेक्का सकार गर्ने ठेकादारले नगरपालिकाले तोकेको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरु आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयमा अभिलेख राखेर मात्र प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरिएको रसिदबाट उठाएको पाइएमा नियमानुसार कानुनी कारवाही गरिनेछ। साथै रसिदको नमुना कार्यालयबाट उपलब्ध गराइने छ ।

२२। नगरपालिका वा अनुगमन गर्न अख्तीयार प्राप्त निकायबाट अनुगमन हुँदा विक्रि रसिद नदिई विक्रि गरेको पाईएमा ठेकेदारलाई आर्थिक जरीवाना वा ठेक्का भंग गर्ने सम्मको कारवाही गर्न सकिनेछ ।

२३। तोकिएको नाका वा परिमाण भन्दा बढी उत्खनन् गरी विक्री गरेमा सोबाट हुने हानी नोक्सानी ठेकेदारबाट भराइने तथा ठेक्का रद्द गर्न सक्ने सम्मको कारवाही गरिनेछ ।

२४। तोकिएको शुल्क संकलन कार्य गर्दा कुनै व्यवधान वा समस्या परेमा दुई पक्षबीच आपसी छलफलद्धारा समाधान गरिने छ । त्यस्तो छलफलबाट सहमति हुन नसकेमा नगरपालिकाको निर्णय अन्तिम हुनेछ। उक्त निणय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

२५। राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग वा अन्य सडकमा ढाट वा तगारो राखी कर सकलन गर्न पाइने छैन । राखेको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

२६। बोलपत्र फारम साथ पेश गर्ने कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित भएको हुनु पर्नेछ ।

२७। नगरपालिकाले पालना गर्नु पर्ने न्यूनतम शर्तहरु पुरा नगरेको कारणले ठेकेदारले तोकिएको शुल्क उठाउन नसकेको अवस्थामा वाहेक ठेक्का रकममा कुनै प्रकारको मिनाहा वा छुट दिइनेछैन ।

(दल बहादुर घर्ती)
निमित्त प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:
श्री सुचना तथा प्रविधि शाखा
यो सुचना वइभ साइटमा अपलोड गरीदिनु हुन ।

Scanned with CamScanner